# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, पुस ८ गते २०४७ साल (अतिरिक्ताङ्क ४५

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सन्धि सम्बन्धी कार्यविधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष हुने सन्धि वा सम्झौताको हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी कार्यविधि तथा त्यस्तो सन्धि वा सम्झौताको कार्यान्वयनको सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधानको धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल सन्धि ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन २०४७ साल कार्तिक २३ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

(३) यो ऐन संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष हुने सन्धिको सम्बन्धमा लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सन्धि" भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी संगठन बीच लिखित रूपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउनेछ ।

(ख) "पूर्णाधिकार" भन्नाले सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई श्री ५ को सरकारले जारी गरेको अधिकार पत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो सन्धि वार्ता गर्दा वा सन्धि हस्ताक्षर गर्दा आरक्षण राख्न वा त्यस्तो सन्धि सम्बन्धमा अन्य कुनै काम गर्न प्रदान गरेको अख्तियारी समेतलाई जनाउनेछ ।

(ग) "आरक्षण" भन्नाले बहुपक्षीय सन्धिलाई हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागू नहुने भनी गरेको घोषणा सम्झनु पर्छ र सो शब्दले त्यस्तो प्रावधानको व्याख्या कुनै पक्षले आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा समेतलाई जनाउनेछ ।

(घ) "सन्धि परित्याग" भन्नाले सन्धिमा उल्लेख भएको रीत पुर्‍याई सन्धि समाप्त गर्न गरेको घोषणा सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

३. सन्धि सम्पन्न गर्ने अधिकार : श्री ५ महाराजाधिराज, प्रधान मन्त्री र परराष्ट्र मन्त्री बाहेक अरू कसैले पूर्णाधिकार विना नेपाल अधिराज्य वा श्री ५ को सरकारको तर्फबाट कुनै पनि सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा त्यस्तो सन्धिमा हस्ताक्षर गर्न वा आरक्षण राख्न वा तत्सम्बन्धी अन्य कुनै काम गर्न हुँदैन ।

तर यस दफामा लेखिएको कुनै कुराले कुनै विदेशी राज्य वा अन्तर्राष्ट्रिय संगठनमा प्रतिनिधित्व गर्ने शाही नेपाली राजदूत वा नियोग प्रमुखले त्यस्तो राज्य वा अन्तर सरकारी संगठनसँग गर्ने जुनसुकै विषयको सन्धि सम्बन्धमा र कुनै अन्तर्राष्ट्रिय सम्मेलनमा भागलिने प्रतिनिधि मण्डलका नेताबाट सो सम्मेलनमा गरिने सन्धिको सम्बन्धमा वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न बाधा पर्ने छैन ।

४. सन्धिको अनुमोदन तथा सम्मिलनको कार्यविधिः (१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धि बाहेक अन्य विषयका सन्धिहरू मध्ये अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नु पर्ने भनी व्यवस्था भएको सन्धिलाई अनुमोदन, स्वीकृति वा समर्थन गर्नु परेमा वा कुनै सन्धिमा सम्मिलित हुन चाहेमा सो सम्बन्धी प्रस्ताव श्री ५ को सरकारले प्रतिनिधि सभामा पेश गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सन्धिको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन सम्बन्धी प्रस्ताव प्रतिनिधि सभामा उपस्थित सदस्य संख्याको बहुमतबाट पारित हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिनिधि सभाबाट प्रस्ताव पारित भएपछि श्री ५ को सरकारले सो सन्धिमा भएको व्यवस्था बमोजिम अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको सूचना सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ ।

(४) कुनै अन्तर सरकारी संगठनको स्थापना गर्ने वा त्यस्तो कुनै संगठनको सदस्यता प्राप्त गर्ने सन्धि वा प्रचलित कानूनको प्रतिकूल हुने सन्धिको हकमा त्यस्तो सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था नगरिएको भए तापनि प्रतिनिधि सभाबाट प्रस्ताव पारित नभएसम्म नेपाल अधिराज्य वा श्री ५ को सरकार त्यस्तो सन्धिको पक्ष हुन सक्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. केही खास सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनः (१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिको अनुमोदन, स्वीकृति वा समर्थन गराउनु पर्दा वा त्यस्तो सन्धिमा सम्मिलित हुने अनुमति प्राप्त गर्नु पर्दा श्री ५ को सरकारले यस सम्बन्धमा संसदमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सन्धिको सम्बन्धमा संविधानको धारा १२६ को उपधारा (२) बमोजिम संसदबाट प्रस्ताव पारित भएपछि त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको सूचना श्री ५ को सरकारले सो सन्धिमा उल्लेख भएको व्यवस्था अनुसार सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ ।

६. श्री ५ को सरकारले हस्ताक्षर गरी सन्धि लागू गर्न सक्नेः दफा ४ वा संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरू बाहेक अन्य जुनसुकै विषयका सन्धिमा श्री ५ को सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ ।

७. सन्धिको परित्याग वा निलम्बन गर्न सकिनेः नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो सन्धिलाई परित्याग गर्ने वा आंशिक वा पूरै निलम्बन गर्ने वा निलम्बन फुकुवा गर्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ र त्यस्तो सन्धि दफा ४ वा संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएको सन्धिसँग सम्बन्धित रहेछ भने सो सम्बन्धी जानकारी प्रतिनिधि सभालाई दिनु पर्नेछ ।

८. सन्धि पश्चातदर्शी नहुनेः सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक सन्धिलाई पश्चातदर्शी प्रभाव दिने गरी लागू गरिने छैन ।

९. सन्धि व्यवस्था कानून सरह लागू हुनेः (१) संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ ।

(२) संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै



५९६ ५०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सन्धिबाट नेपाल अधिराज्य वा श्री ५ को सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वियनको लागि कानूनी व्यवस्था गर्नु पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वियनको लागि श्री ५ को सरकारले यथासम्भव चाँडो कानून बनाउने कारवाही चलाउनु पर्दछ ।

१०. प्रतिनिधि सभा समक्ष पेश गर्नु पर्ने : दफा ६ बमोजिम श्री ५ को सरकारले स्वीकार गरी लागू गरेका सन्धिहरूको सूचना प्रतिनिधि सभा बसेको एक महीनाभित्र जानकारीको लागि प्रतिनिधि सभामा पेश गर्नु पर्नेछ ।

११. सन्धि दर्ता गर्ने: नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएका सन्धिहरू मध्ये श्री ५ को सरकारले उपयुक्त ठहराएका सन्धिहरू सम्बन्धित अन्तर्राष्ट्रिय संगठन वा संयुक्त राष्ट्र संघको सचिवालयमा दर्ता गराउन सक्नेछ ।

१२. सन्धि प्रकाशन गर्नु पर्ने: नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएका सन्धिहरू मध्ये श्री ५ को सरकारले उचित ठहराएका सन्धिहरूको प्रामाणिक प्रति नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

तर संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन भएका सन्धिहरू र संसदको निर्णयबमोजिम नेपाल अधिराज्य वा श्री ५ को सरकार सम्मिलित भएका सन्धिहरू त्यसरी अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएको मितिले साठी दिन भित्र अनिवार्य रूपले नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

१३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वियन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१४. संक्रमणकालीन व्यवस्था: संविधान बमोजिम निर्वाचन भई संसदको प्रथम अधिवेशन प्रारम्भ नभएसम्मको लागि संविधानको धारा १२६ को उपधारा (२) मा उल्लिखित विषयका सन्धिहरू बाहेक नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष हुने अन्य विषयको सन्धिहरूको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने अधिकार मन्त्रिपरिषद्मा रहनेछ ।

लालमोहर सदर मितिः– २०४७।६।८।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

208 496



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५१६
१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।